# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) धनगढी, नेपाल, चैत १० गते, २०८२ साल (अतिरिक्ताङ्क १६

## भाग २

## सुदूरपश्चिम प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

## सूचना

**सुदूरपश्चिम प्रदेश सरकार (कार्यसम्पादन) (पहिलो संशोधन) नियमावली, २०८२**



प्रदेश नम्बर ७ प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकाले नेपालको संविधानको धारा १७४ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी सुदूरपश्चिम प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यी नियमहरूको नाम "सुदूरपश्चिम प्रदेश सरकार (कार्यसम्पादन) (पहिलो संशोधन) नियमावली, २०८२" रहेको छ।

(२) यो नियमावली सुदूरपश्चिम प्रदेशभर तुरुन्त प्रारम्भ हुनेछ।

२. **प्रदेश नम्बर ७ प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०७४ (यस पछि "मूल नियमावली" भनिएको) को नियम २ मा संशोधनः** मूल नियमावलीको नियम २ को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) “कार्य विभाजन नियमावली” भन्नाले सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८१ सम्झनु पर्छ।"

३. **रुपान्तरः** मूल नियमावलीको विभिन्न ठाउँमा रहेका "प्रदेश नम्बर ७" भन्ने शब्दहरुको सट्टा "सुदूरपश्चिम" भन्ने शब्दहरु र "आर्थिक मामिला तथा योजना" भन्ने शब्दहरुको सट्टा "आर्थिक मामिला" भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ।

आज्ञाले,
तेज प्रकाश जोशी
प्रदेश सरकारको सचिव।



मुद्रकः आन्तरिक मामिला तथा कानून मन्त्रालय, धनगढी, कैलाली। मूल्यः रु. ५।-